आज मिति २०८२ साल माघ २६ गते दिनको ११ : ०० बजे सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम बुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८२/०८३ को नवौं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती :**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम बुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री नगेन्द्र प्रसाद रिजाल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |

**सहयोगी कर्मचारीहरु**

| | | | |
|---|---|---|---|
| १ | रनवीर बुढा | प्रशासकीय अधिकृत | |
| २ | टंक बहादुर पुन | बरिष्ठ लेखा सहायक | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | गण बहादुर थापा | सहयोगी | |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

## नवौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. समीक्षा सम्बन्धमा ।

२. कार्यविधि, मापदण्ड स्वीकृत तथा संशोधन सम्बन्धमा ।

३. जग्गा भाडा सम्बन्धमा ।

४. आर्थिक सहयोग सम्बन्धमा ।

५. जलश्रोत उपयोग अनुमती सम्बन्धमा ।

६. विद्यालय भवन निर्माण छनौट अनुमोदन सम्बन्धमा ।

७. सार्वजनिक विदा सम्बन्धमा ।

## २०८२ माघ २६ गते बसेको नवौं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १. | समिक्षा सम्बन्धमा । | अघिल्ला कार्यपालिका बैठकहरुको समिक्षा गर्न आवश्यक रहेको । | गाउँ कार्यपालिकाका अघिल्ला बैठकहरुबाट भएका निर्णयहरु समिक्षा तथा हालसम्मको वित्तिय र भौतिक प्रगतिको अवस्था र राजश्व संकलन सम्वन्धमा समिक्षा गरियो । कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २ | कार्यविधि, मापदण्ड स्वीकृत तथा संशोधन सम्बन्धमा । | गाउँपालिकाकालाई आवश्यक रहेको "सामुदायिक सिकाइ केन्द्रका सामुदायिक परिचालक छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८२, कृषि वस्तुको उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यविधि, २०८२ र विद्यालय अनुगमन, निरीक्षण तथा शैक्षिक गुणस्तर सुधार मापदण्ड-२०८२" स्वीकृत तथा "अनुदान शिक्षक कार्यविधि, २०७९" को दोश्रो संशोधन गर्न आवश्यक रहेको । | विभिन्न मितिहरुमा कानुन मस्यौदा समितिको बैठकबाट छलफल भई सिफारिस भएको "सामुदायिक सिकाइ केन्द्रका सामुदायिक परिचालक छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८२, कृषि वस्तुको उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यविधि, २०८२ र विद्यालय अनुगमन, निरीक्षण तथा शैक्षिक गुणस्तर सुधार मापदण्ड-२०८२" स्वीकृत गर्ने तथा "अनुदान शिक्षक कार्यविधि, २०७९" को दोश्रो संशोधन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ३ | जग्गा भाडा सम्बन्धमा । | यस गाउँपालिकाको वडा नं. ४ स्थित फगाम खोला दोभान नजिकै रहेको गाउँपालिकाको नाउँमा रहेको जग्गा र सोही जग्गासंग साध सिमाना जोडिएको गाउँपालिकाले भाडामा लिएको जग्गा भाडामा लगाउन आवश्यक रहेको । | Shubham Group Nepal को मिति २०८२/१०/२६ गतेको पत्रानुसार सो ग्रुपले यस गाउँपालिकाको फगाम खोला र लुङ्ग्री खोलाको केही भूभागमा प्लेसर गोल्ड को सम्भावना रहेको र उक्त क्षेत्रमा विस्तृत खोजतलास (अध्ययनका) लागि स्वदेशी तथा विदेशी प्राविधिकहरु मार्फत अध्ययन कार्य अगाडि बढाउन क्याम्प तथा मेशिन औजार राख्नका लागि जग्गा भाडामा उपलब्ध गराईपाउँ भन्ने आशय अनुसार यस गाउँपालिकाको वडा नं. ४ स्थित फगाम र लुङ्ग्री खोला दोभान नजिकै गाउँपालिकाको नाउँमा रहेको जग्गाको कित्ता नं. २०९८, २१०० र २१०८ बाट १५७ वर्ग मिटर जग्गा मासिक रु. १००००।-(दश हजार) भाडामा दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ४ | आर्थिक सहयोग सम्बन्धमा । | यस गाउँपालिका वडा नं. २ निवासी नितु वि.क.ले तेकान्दो खेलमा सहभागी हुन तथा ज्योति प्रकाश मा.वि. हरिगाउँका छात्र कृष्ण सुनार स्कुल जाने क्रममा लडेर गम्भिर घाइते भइ उपचार खर्च, चन्द्र प्रभा माध्यामिक विद्यालय कक्षा ८ मा अध्ययनरत छात्र खेमराज सुनारको अतिरिक्त क्रियाकलाप अन्तर्गत कवड्डि खेल खेल्दा लडेर दायाँ हातको दुवै नली भाँचिएको भनि उपचार खर्च र वडा नं. ४ निवासी श्रृजना नेपालीको छोरा सनिश सुनार सानै उमेर देखि गम्भिर प्रकृतिको रोग लागेको हुदाँ उपचार खर्चका लागि आर्थिक सहयोग माग भई आएको । | यस गाउँपालिका वडा नं. २ निवासी नितु वि.क. मिति २०८२/११/०१ देखि ६ गतेसम्म सञ्चालन हुने चौथो माउण्ट एभरेष्ट खुल्ला तेकान्दो खेलमा सहभागी हुन इच्छुक देखाएको हुदाँ प्रोत्साहन स्वरुप चालु आ.व.मा स्वीकृत वार्षिक कार्यक्रम "खेलकुद विकास कार्यक्रम" बाट रु. १००००।- (दश हजार) रकम उपलब्ध गराउने तथा ज्योति प्रकाश मा.वि. हरिगाउँका छात्र कृष्ण सुनार स्कुल जाने क्रममा लडेर गम्भिर घाइते भइ उपचार खर्च, चन्द्र प्रभा माध्यामिक विद्यालय कक्षा ८ मा अध्ययनरत छात्र खेमराज सुनारको अतिरिक्त क्रियाकलाप अन्तर्गत कवड्डि खेल खेल्दा लडेर दायाँ हातको दुवै नली भाँचिएको भनि उपचार खर्च र वडा नं. ४ निवासी श्रृजना नेपालीको छोरा सनिश सुनार सानै उमेर देखि गम्भिर प्रकृतिको रोग लागेको हुदाँ उपचार खर्च माग भइ आएको हुदाँ निज व्यक्तिहरुलाई उपचार खर्च वापत वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत "विपन्न नागरिक सहायता कार्यक्रम" बाट जनही रु १०/१० हजार रुपैया उपचार खर्च उपलब्ध गराउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

मणिराम बुढाथोकी

| | | | | |
|---|---|---|---|---|
| ५ | जलश्रोत उपयोग अनुमती सम्बन्धमा । | स्थानीय गाउँ जलश्रोत समितिको मिति २०८२/०९/२० गतेको निर्णयानुसार प्रकाशित सूचना बमोजिम तोकिएको म्याद भित्र सरोकारवालाहरुको फरक दावि नपरेको हुदाँ जलश्रोत उपयोग अनुमति प्रत्र प्रदान गर्न उपयुक्त रहेको । | सुनिलस्मृति गाउँपालिकाको मिति २०८२/०९/२१ गतेको जलश्रोत मुहान दर्ता सम्बन्धी सूचना बमोजिम तोकिएको म्याद भित्र कुनै प्रकारका निवेदन दर्ता हुन नआएको हुदाँ तपसिल बमोजिमका जल उपभोक्ता समितिहरुलाई जलश्रोत उपयोग अनुमती पत्र प्रदान गर्ने ।<br>तपसिल<br>क) मुख्य खरीखोला लिफ्टिङ खा.पा. योजना उपभोक्ता समिति वडा नं.७<br>ख) भिंग्रीपाटि एक घर एक धारा खा.पा. निर्माण योजना उपभोक्ता समिति वडा नं.७ | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ६ | विद्यालय भवन निर्माण छनौट अनुमोदन सम्बन्धमा । | नेपाल सरकार-शसर्त अनुदान पुँजिगत तर्फ विनियोजित निर्मित गुरुयोजनाका आधारमा स्थानीय तहको साझेदारीमा विद्यालय भौतिक पूर्वाधार निर्माणका लागि विद्यालय छनौट भई कार्यान्वयनमा प्रकृयामा रहेको हुदाँ उक्त निर्णय अनुमोदन गर्न आवश्यक रहेको । | नेपाल सरकार-शसर्त अनुदान पुँजिगत तर्फ निर्मित गुरुयोजनाका आधारमा स्थानीय तहको साझेदारीमा विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदान खर्च शिर्षकमा विनियोजित रु. १,२१,००,०००।- (अक्षरुपी एक करोड एक्काइस लाख रुपैया मात्र)बाट यस अघि वडा नं.४ स्थित श्री सूर्योदय माध्यामिक विद्यालय र श्री जनता प्राथमिक विद्यालय चिन्ने छनौट भएकोमा श्री सूर्योदय माध्यामिक विद्यालयमा राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम मार्फत भवन निर्माणका लागि नयाँ अख्तियारी प्राप्त भएकोले यस अघिको स्थानीय तहको साँझेदारीमा विद्यालय भवन निर्माण कार्यक्रम कार्यान्वयनका लागि अध्यक्षस्तरीय निर्णयानुसार श्री राष्ट्रिय माध्यामिक विद्यालय तेबाङ छनौट भई कार्यान्वियन प्रकृयामा रहेको हुदाँ उक्त निर्णयलाई अनुमोदन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ७ | सार्वजनिक विदा सम्बन्धमा । | मिति २०५२ फाल्गुन १ गतेका दिन सुरु भएको सशस्त्र संघर्षको संझनामा गाउँपालिकाभर एक दिन सार्वजनिक विदा दिन आवश्यक रहेको । | मिति २०५२ फाल्गुन १ गतेका दिन देखि सुरु भएको सशस्त्र संघर्षमा वलिदान दिनुहुने ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जलि, घाइते, अपाङ्ग भएका व्यक्तिहरुको शिघ्र स्वास्थ्य लाभको कामना र वेपत्ता पारिएका व्यक्तिहरुको यथाशिघ्र खोज अनुसन्धान गर्न सम्वन्धित निकायको ध्यानाकर्षण गराउदै उक्त दिन पालिकाभर १ दिन सार्वजनिक विदा दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

मणिराम बुढाथोकी
अध्यक्ष